**एकीकृत भू-परिधि व्यवस्थापन आयोजना (Integrated Landscape Management to secure Nepal's Protected Areas and Critical corridors- ILaM) को शोधपत्र (Thesis) अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी "छनौटका आधार"**

विभिन्न स्वदेशी विश्वविद्यालयमा वा सो संग सम्वन्धन प्राप्त शैक्षिक संस्थाहरुमा स्नातकोत्तर वा स्नातक तहमा अध्ययनरत विद्यार्थीबाट तयार हुने शोधपत्र यस आयोजनाको कार्यक्रम कार्यान्वयन क्षेत्र (तराई भू-परिधि) को संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने वा आयोजनाको उद्देश्यसंग सम्बन्धित विषयमा शोधपत्र तयार गर्न इच्छुक विद्यार्थीका लागि शोध अनुसन्धानमा सहयोग उपलब्ध गराउने उद्देश्यले आयोजनाले यी "छनौटका आधार" बनाएको छ । आयोजना कार्यकारी समिति (Project Executive Committee) बाट "छनौटका आधार" पारित भएपछी कार्यान्वयनमा आउनेछ ।

**१. शोधपत्र तयार गर्दा समेट्नु पर्ने विषयवस्तु**

शोधपत्र तयार गर्दा आयोजना व्यवस्थापन इकाईद्वारा दिइएको तपसिलका शिर्षकहरुको परिधिमा रहेर शोधपत्र प्रस्ताव तयार गर्नुपर्नेछ । यसरी शोधपत्र तयार गर्दा स्थलगत अध्ययन गरी प्राथमिक (primary) तथ्याङ्क संकलन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(क) भू-परिधि स्तरमा संरक्षित क्षेत्र र जैविकमार्ग व्यवस्थापन (Protected Area and biological corridor management in landscape approach)

(ख) वन्यजन्तु संरक्षण तथा व्यवस्थापन, जस्तै : मानव वन्यजन्तु द्वन्द्व, वन्यजन्तु मैत्री पूर्वाधार विकास लगायत) (Wildlife Management, e.g. human-wildlife conflict management, wildlife friendly infrastructure development)

(ग) दिगो वन व्यवस्थापन (Sustainable Forest Management)

(घ) पर्या-पर्यटन, वनमा आधारित जीविकोपार्जन (Eco-tourism, forest-based livelihoods)

(ङ) प्राकृतिक स्रोत व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरण तथा वातावरणीय सुरक्षा (Gender and social inclusion, environmental and social safeguard in natural resource management)

## २. आवेदन सम्बन्धी व्यवस्था तथा आवेदनको प्रक्रिया

आयोजनाले स्वीकृत वजेटको परिधिमा रही शोधपत्र अनुसन्धानको लागि प्रस्ताव पेश गर्न २१ दिने सूचना आयोजनाको वेव साइटमा प्रकाशित गर्नेछ ।निर्धारित समय सीमाभित्र रितपूर्वक प्राप्त प्रस्तावहरुको नियमानुसार छनौट गरिनेछ ।

### २.१ आवेदन पेश गर्दा निम्न बमोजिमको योग्यता, प्रक्रिया र कागजातहरु पुगेको हुनु पर्नेछ ।

(क) शोधपत्र कार्यक्रममा सहभागी विद्यार्थी मान्यता प्राप्त शैक्षिक संस्थामा अन्तिम वर्षमा अध्ययनरत हुनु पर्नेछ ।

(ख) माथि उल्लेखित शीर्षकहरुमा सम्वन्धित रहेर शोधपत्र तयार गर्नु पर्नेछ ।

### २.२ आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

(क) अध्ययनरत विश्वविद्यालय वा सोसंग सम्वन्धन प्राप्त शैक्षिक संस्थाहरुको शोधपत्रको शीर्षक, तोकिएको सुपरभाईजरको नाम सहितको सिफारिस पत्र ।

(ख) आवेदनकर्ताले अनुसुची—१ मा तोकिएको आवेदन फारम भरी सूचनामा उल्लेख भए अनुसारको ढाँचामा अनुसन्धान प्रस्ताव पेश गर्नु पर्नेछ । अनुसन्धान प्रस्तावको ढाँचा अनुसुची—२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) आवेदनकर्ताले अध्ययनरत तहमा हालसम्म प्राप्त गरेको नतिजाको औसत प्रतिशत उल्लेख भएको सम्बन्धित शैक्षिक संस्थाको पत्र ।

## ३. शोधपत्र प्रस्ताव मूल्याङ्कन

### ३.१ मूल्यांकन समितिः

शोधपत्र प्रस्ताव मूल्याङ्कन समितिमा तपशिल बमोजिमको सदस्य रहनेछन् ।

- आयोजना संयोजक, एकीकृत भू-परिधि व्यवस्थापन आयोजना - संयोजक
- अधिकृत प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय, योजना तथा कार्यक्रम शाखा - सदस्य
- अधिकृत प्रतिनिधि, वन तथा भू—संरक्षण विभाग - सदस्य
- अधिकृत प्रतिनिधि, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग- सदस्य
- आयोजना प्रवन्धक, एकीकृत भू-परिधि व्यवस्थापन आयोजना -सदस्य सचिव

(ख) गठीत समितिले अनुसूची—३ मा उल्लेखित आधारहरुमा रही उपयूक्त प्रस्ताव छनोट गरी स्वीकृतिको लागि आयोजना संयोजकलाई पेश गर्नुपर्ने छ ।

## ४. शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्था

### ४.१ शोधपत्रको सम्झौता सम्बन्धी व्यवस्था

शोधपत्रको अनुसन्धान सहयोगको लागि छनौट भएका शोधपत्रकर्ता र यस आयोजना बीच अनुसूची —४ मा उल्लिखित ढाँचा बमोजिम एक सम्झौता गर्नुपर्नेछ साथै वन तथा वातावरण मन्त्रालय र दातृ निकायबीच भएको सम्झौता बमोजिम हुनेछ ।

### ४.२ शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी व्यवस्था

स्वीकृत वार्षिक वजेटको आधारमा छनौट भएका प्रस्ताव बमोजिम स्वीकृत बार्षिक कार्यक्रमको परिधि भित्र रही शोधपत्र अनुसन्धान सहयोग वापत स्नातक तहको लागि प्रति शोधपत्र वापत बढीमा रु. ६०,०००।— (रु. साठी हजार ) र स्नातकोत्तर तहको लागि प्रति शोधपत्र वापत बढीमा रु ८०,००० (रु. असी हजार) रकम उपलब्ध गराइनेछ ।

### ४.३ शोधपत्र अनुसन्धान सहयोग रकम भुक्तानीको तरिका

(क) आयोजनाले नियमानुसार सम्बन्धित शोधपत्रकर्ताले सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ एक प्रति शोधपत्र उपलब्ध गराए पश्चात शोधपत्र वापतको सहयोग रकम एकमुष्ठ शोध सहायता लिने व्यक्तिको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउनेछ ।

### ४.४ देहायको अवस्थामा शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः खारेज हुनेछ ।

(क) शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने जानकारी गराएमा ।

(ख) शोधपत्रको कार्य विचमै छाडेमा शोधपत्र अनुसन्धान सहयोग सम्बन्धी सम्झौता स्वतः समाप्त हुनेछ ।

## ५. विविध

क) यो "छनौटका आधार" प्रयोग र पालना गर्ने गराउने दायित्व एकीकृत भू-परिधि व्यवस्थापन आयोजना र सम्बन्धित शैक्षिक संस्था दुबैको हुनेछ ।

(ख) यस "छनौटका आधार"मा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कुनै पनि विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार आयोजनालाई हुनेछ ।

अनुसूची–१

# आवेदन फारम

| हालसालै<br>खिचेको<br>फोटो |
|---|

आवेदन गरेको शैक्षिक कार्यक्रम

..........................................................................................

शोधपत्र कर्ताको नामः (देवनागरिक लिपिमा)..........................................................................

शोधपत्र कर्ताको नामः (अंग्रेजीमा).........................................................................................

जन्म मितिः.......................

लिङ्ग पुरुष ☐ महिला ☐

बाबुको

नामः........................................... आमाको नाम .....................................................

सम्पर्क टेलिफोन नं......................... मोबाइल नं.............................

इमेलः.............................

स्थायी ठेगानाः.................................................................................................................

शोधपत्र अनुसन्धानको शीर्षकः..............................................................................................

अध्ययनरत शैक्षिक संस्थाको नामः.........................................................................................

**शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)**

| अध्ययनको तह | अध्ययन गरेको शैक्षिक संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**शोधपत्र सुपरिवेक्षण गर्नेकोः**

नाम थरः

पदः

बिभागः

**शोधपत्र कर्ताकोः**

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

नागरिकता नं.

जारी गर्ने जिल्ला/जारी मितिः

मितिः

अनुसूची–२

## शोधपत्र प्रस्तावको ढाँचा

शोधपत्र प्रस्तावको ढाँचा देहाय बमोजिम हुनुपर्ने छ ।

**(क) सामान्य विवरण**

१. शिर्षक (Title):

२. सन्दर्भ सामग्रीको अध्ययन/विश्लेषण तथा औचित्यता (Literature Review and Rationale):

३. उदेश्य (Objective):

४. अनुसन्धान विधि (Research Methodology):

५. अपेक्षित उपलब्धि (Expected outcome):

**(ख) कार्य योजना तथा बजेट (Workplan and budget)**

अनुसूची—३

## शोधपत्र प्रताव मूल्यांकनका आधारहरु

| क.स | मूल्यांकनका आधारहरु | अंकभार | अंकभारको थप बर्गिकरण |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता (स्नातक वा स्नातकोतर तह) मा हालसम्म प्राप्त गरेको औषत प्रतिशत | ४० | प्रथम श्रेणी — ४० |
| | | | द्धितिय श्रेणी — ३५ |
| | | | तृतिय श्रेणी — ३० |
| २. | शोधपत्र प्रस्ताव | ६० | अनुसन्धानको विषय- १५ |
| | | | औचित्यता-१५ |
| | | | उदेश्य- १५ |
| | | | अनुसन्धान विधि -१५ |
| | **जम्मा** | १०० | |

अनुसूची—४

## सम्झौता पत्रको नमुना

**एकीकृत भू-परिधि व्यवस्थापन आयोजना** (यस पछि प्रथम पक्ष भनिएको) र ................................. ( यस पछि दोस्रो पक्ष भनिएको) बीच शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धमा यो सम्झौता गरी एक प्रति लियौ ।

१. दोस्रो पक्षले .................................... शिर्षकमा शोधपत्र तयार गर्नु पर्नेछ ।

२. मिति ................................ भित्र शोधपत्र तयार गरि एक प्रति पहिलो पक्षलाई बुझाउनु पर्नेछ । उक्त अवधि भित्र शोधपत्र तयार हुन नसकेमा सम्बन्धित सुपरिवेक्षकको सिफारिस साथ शोधपत्र तयार हुन नसक्नुको कारण सहित दोस्रो पक्षले निवेदन पेश गरेमा पहिलो पक्षले आयोजनाको नियामानुसार बढीमा असार १० सम्मको लागि म्याद थप गर्न सक्नेछ। सम्झौता अवधि भित्र दोस्रो पक्षले शोधपत्र तयार गर्न नसकेमा यो सम्झौता स्वतः बदर भएको मानिनेछ ।

३. दोस्रो पक्षले सोधपत्रको कार्य सकिए पछी एकमुष्ठ शोध रकम भुक्तानीको लागि सम्बन्धित शैक्षिक संस्थाको सिफारिस साथ एक प्रति शोधपत्र उपलब्ध गराएपछी प्रथम पक्षले शोधपत्र उपयुक्त देखिएमा एकमुष्ट रकम शोध सहायता लिने व्यक्तिको बैंक खातामा जम्मा गर्ने व्यवस्था उपलब्ध मिलाउनेछ ।

४. शोधपत्र तयार गर्दा स्थलगत रुपमा प्राथमिक तथ्यांक (Primary Data) संकलन गरी आधिकारीक र तथ्यांकहरुलाई आधार बनाई गर्नु पर्नेछ। सन्दर्भ सामग्रीको रुपमा अन्य तथ्यांक (Secondary Data) प्रयोग गर्न सकिने छ । सोधपत्रको तथ्यांक र विवरणहरु झुठा देखिएमा पहिलो पक्षले दोस्रो पक्षलाई सोध सहायता भुक्तान गर्न बाध्य हुने छैन ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई तोकिएको अनुसन्धान सहायोग बाहेक अन्य केही सुविधा उपलब्ध गराउने छैन ।

६. शोधपत्र तयार गर्दा हुने सम्पुर्ण कार्यको जवाफदेहिता र उत्तरदायित्व दोस्रो पक्षको हुनेछ ।

७. अन्य कुराहरु एकीकृत भू-परिधि व्यवस्थापन आयोजनाको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने छनौटका आधारहरु र प्रचलित कानून अनुसार हुनेछ ।

८. अनुसन्धान कार्य पूर्ण गरिसकेपछि सम्बन्धित शिक्षण संस्थाबाट शोधपत्र स्वीकृत हुन पूर्व यस आयोजनामा शोधपत्र मस्यौदा प्रतिवेदनको प्रस्तुति गर्नु पर्नेछ र प्राप्त सुझाबहरुलाई समेत समावेश गरेर मात्र सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत गराउनु पर्नेछ ।

९.सम्बन्धित शिक्षण संस्थाबाट स्वीकृत भएको शोधपत्र एक प्रति Hard copy र soft copy (Pdf file) यस कार्यालय लाई बुझाउनु पर्नेछ ।

<u>**सम्झौताको दोश्रो पक्षः**</u>

स्थायी ठेगानाः

सम्पर्क नम्बरः

नागरिकता नं.

जारी गर्ने जिल्लाः

जारी मितिः

दस्तखतः

मितिः

<u>**सम्झौताको प्रथम पक्षः**</u>

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको नामः